# पाठ ५ यूहन्ना ५

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

जल-कुण्डमा भएको चंगाइ
पुत्रको अधिकार
येशूका साक्षीहरू

---

## जल-कुण्डमा भएको चंगाइ

---

यूहन्ना ५:१-१८ पढ्नुहोस्।

३८ वर्षसम्म बिरामी भएर रहेका मानिसको बारेमा ५ अध्यायमा बताइएको छ। मानिसहरू निको हुन सक्ने पानीको एक विशेष जल-कुण्ड त्यहाँ थियो। यद्यपि स्वर्गदूत आएर जल-कुण्डको पानी हल्लाईदिँदा त्यहाँ भित्र पस्ने पहिलो व्यक्ति मात्र निको हुन्थ्यो। यी मानिसचाहिँ निको हुनका लागि छिटो-



छिटो जल-कुण्डभित्र पस्न कहिल्यै सकेनन्। तर येशूले उनलाई निको पार्नुभयो।

विश्राम (शबाथ) दिनमा यी मानिसलाई येशूले निको पार्नुभएको हुनाले केही धार्मिक अगुवाहरू रिसाए। तिनीहरूले आराधना गर्ने दिनको रूपमा शनिवारलाई लिएका थिए र त्यस दिन तिनीहरू केही पनि काम गर्दैनथे। यी अगुवाहरूले ती मानिसलाई हिँड्न सक्षम तुल्याउने आश्चर्यकर्मको बारेमा विचार गर्नुको सट्टा विश्राम दिनमा उनले आफ्नो ओछ्यानलाई बोकेर हिँडेको कुरालाई बढ़ी ध्यान दिएका थिए। सहयोगको खाँचो परेको मानिसको बारेमा भन्दा, आफ्ना परम्पराहरूका बारेमा तिनीहरूले बढ़ी ध्यान दिएका थिए।

आराधनाको निम्ति हप्तामा एक दिन छुट्ट्याइनुपर्ने कुरा सत्य हो। तर, सहायताको आवश्यकता पर्ने व्यक्तिलाई सहायता

पुऱ्याउनु जहिले पनि असल कुरा हो। येशूले भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेको छु। यदि परमेश्वरले हप्ताको हरेक दिन काम गर्नुभएन भने हामी मर्नेछौं।

**तपाईंको अभ्यासको निम्ति**

१ सहाराहीन बिरामी किन बेथस्दाको जल-कुण्डमा पर्खिराखेका थिए?

**क.** उनी पानी पिउन चाहन्थे।
**ख.** उनी निको हुन चाहन्थे।
**ग.** उनी नुहाउन चाहन्थे।

२ धार्मिक अगुवाहरू किन रिसाएका थिए?

**क.** किनकि निको भएको उपलक्ष्यमा तिनीहरूलाई पैसा तिरिएको थिएन।
**ख.** किनकि डाक्टरद्वारा निको पार्ने काम गरिएको थिएन।
**ग.** किनकि येशूले मानिसलाई विश्राम दिनमा निको पार्नुभयो।

३ येशूले धार्मिक अगुवाहरूलाई कसरी जवाफ दिनुभयो?

**क.** आफ्ना पिताले काम गर्नुभएझैं आफूले पनि काम गरेको कुरा उहाँले बताउनुभयो।
**ख.** निको पार्नुचाहिँ काम गर्नु होइन भनी उहाँले तिनीहरूलाई बताउनुभयो।
**ग.** बप्तिस्मा-दिने यूहन्नाबाट आफूले अनुमति पाएको कुरा उहाँले बताउनुभयो।

## पुत्रको अधिकार

यूहन्ना ५:१९-२९ पढ्नुहोस्।

रोगीलाई निको पार्ने, मरेकालाई बौरिउठाउने, पापहरूलाई क्षमा दिने र संसारलाई न्याय गर्ने शक्ति र अधिकार परमेश्वरले आफ्ना पुत्र येशूलाई दिनुभयो। २४ पदले बडो अचम्मको प्रतिज्ञा दिएको छ कि जस-जसले येशूका वचन सुन्छन् र उहाँमा विश्वास गर्छन्, तिनीहरूले आफ्ना पापको दण्ड पाउनेछैनन्। तिनीहरूले आफ्ना पापबाट र पापको दण्डबाट छुटकारा पाइसकेका छन्। तिनीहरूले अनन्त जीवन प्राप्त गरेका छन्। तिनीहरूले आफ्ना मुक्तिदाताका रूपमा येशूलाई विश्वास गरेका हुनाले तिनीहरू उहाँका अगाडि खड़ा भएर दोषी हुनुपर्ने छैन।

### तपाईंको अभ्यासको निम्ति

**४** यूहन्ना ५:२४ लाई कण्ठ गर्नुहोस्।

**५** कसका पापहरूका निम्ति येशूले तिनीहरूलाई न्याय गर्नुहुनेछैन?

**क.** जो-जो मण्डलीका सदस्यहरू हुन्।
**ख.** जसले कहिल्यै खराब काम गरेका छैनन्।
**ग.** जसले येशूका वचन सुनेका छन् र उहाँमा र परमेश्वरमा विश्वास गर्छन्।

## येशूका साक्षीहरू

यूहन्ना ५:३०-४७ पढ्नुहोस्।

यस अध्यायले येशूको बारेमा साक्षी दिने कुरा बताउँछ। येशूको साक्षी त्यो व्यक्ति वा थोक हो, जसले उहाँको बारेमा बताउँछ र उहाँ को हुनुहुन्छ भन्ने कुराको प्रदर्शन गर्छ। यस अध्यायमा भएका साक्षीहरूले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी हामीलाई थाहा दिन्छ।

बप्तिस्मा-दिने यूहन्ना यी साक्षीहरूमध्ये एक थिए (३३ पद)। येशूले गर्नुभएका कामहरूले उहाँको निम्ति साक्षी दिएका थिए (३६ पद), र उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने प्रमाण यसले दिन्छ। पिताले पनि साक्षी दिनुभयो (३९ पद)। येशू साधारण मानिस हुनुहुन्न। उद्धार र अनन्त जीवन दिनका लागि पिताद्वारा पठाइनुभएका व्यक्ति उहाँ हुनुहुन्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

२ ग) किनकि येशूले ती मानिसलाई विश्राम दिनमा निको पार्नुभयो।

१ ख) उनी निको हुन चाहन्थे।

५ ग) जसले येशूका वचन सुनेका छन् र उहाँमा र परमेश्वरमा विश्वास गर्छन्।

३ क) आफ्ना पिताले काम गर्नुभएझैं आफूले पनि काम गरेको कुरा उहाँले बताउनुभयो।